**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १३ जून २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- आम मानिसहरुसम्म सरकारी सेवाहरु सहज रुपमा पुर्याउने उद्देश्यले राज्य सरकारले एउटा नयाँ पहल शुरू गरिरहेको छ जस अन्तर्गत आगामी 15, 16 अनि 17 जूनमा राज्यको प्रत्येक खण्डमा विशेष शिविरको आयोजन गरिनेछ।

- राज्य सरकारले आम मानिसहरुको शिकायतहरु अनि सरकारी सेवाहरुसित सम्बन्धित समस्याहरुको समाधान गर्न 'आपकी सरकार आपके साथ' पोर्टल शुरू गरेको छ।

- पश्मिच बंगालाका पंचायत ग्रामीण विकास मंत्री दिली घोषले पड़िका मानिसहरूसित भेकल फर लोक को असवहान गर्नुभयो।

- तृणमूल कङ्ग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जीको कालीघाट स्थित आवासमा आज बिहान पुलिसले छापामारी गर्यो,यसको मुख्य उद्देश्य उहाको निजी सहायक सुमित रायलाई खोज्नु रहेको बताइएको छ।

- दार्जीलिङको लोकसभा सभा सांसद राजु विष्टले कालेबुङमा एउटा महत्वपूर्ण प्रशासनिक बैठक गर्नुभयो।

- पश्चिम बङ्गालको चर्चित नगरनिकाय भर्ती घोटालाको जाँचमा तृणमूल कङ्ग्रेस विधायक मदन मित्रको नाम मुख्य रूपमा अघि आएको छ।

- आयकर कर्मचारी महासंघ, बंगाल सर्कलको प्लैटिनम जुब्लीको अवसरमा आयकर कर्मचारी महासंघ, सिलगढी शाखाको तत्वावधानमा आज सुकनादेखि रङटङ सम्म 6 किलोमिटरको पैदल यात्रा (वाकथन) कार्यक्रम सम्पन्न गरियो।

**पश्चिम बंगाल – नगर पालिका भर्ती घोटाला**

पश्चिम बङ्गालको चर्चित नगरनिकाय भर्ती घोटालाको जाँचमा तृणमूल कङ्ग्रेस विधायक मदन मित्रको नाम मुख्य रूपमा अघि आएको छ। आज उहासित सम्बन्धित केही ठेगानाहरूमा प्रवर्तन निदेशालय (ईडी)-ले छापा मार्यो। जाँच एजेन्सीको सूत्रानुसार मदन मित्रमाथि कामरहाटी समेत केही नगर निकायहरूमा कथित रूपमा अयोग्य उम्मेद्वारहरूलाई अवैध रूपमा नोकरी दिलाएको तथा सुनको रूपमा घूस लिएको आरोप लागेको छ।जाँचसित सम्बन्धित सूत्रहरुले दाबी गरे अनुसार नगरनिकायहरूमा भएका 125 वटा भन्दा अधिक कथित अवैध नियुक्तिहरूमा मदन मित्रको भूमिकाको जाँच गरिँदैछ। आरोप छ कि नोकरीको सट्टामा उम्मेद्वारहरूबाट धन, सुन तथा मूल्यवान वस्तुहरू असुल गरिन्थ्यो। तथापि जाँचकर्ताहरूको भनाइ अनुसार कथित रूपमा घूस सोझै मदन मित्रसम्म पुग्थ्यो जबकि दलालहरुको माध्यमबाट उहा समक्ष पुच्याइन्थ्यों, त्यसैले कथित मध्यस्थताको भूमिका पनि जाँचको घेराभित्र परेको छ। नगरनिकाय भर्ती अनियमितताको मामिला त्यसबेला उदांगो भएको थियो जतिबेला विद्यालय भर्ती घोटालाको जाँच गर्ने क्रममा व्यापारी अयन शीलको ठेगानाहरूबाट ठूलो सङ्ख्यामा दस्तावेज, उत्तर पुस्तिका तथा ओएमएआर शीट भेटिएको थियो। जाँच एजेन्सीको आरोप छ कि यी दस्तावेजहरूबाट पनि कथित रूपमा व्यापक रूपमा नोकरी बेचेको सङ्केत प्राप्त भएको थियो।

**अभिषेक ब्यानर्जी – छापामारी**

तृणमूल कङ्ग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जीको कालीघाट स्थित आवासमा आज बिहान पुलिसले छापामारी गर्यो,यसको मुख्य उद्देश्य उहाको निजी सहायक सुमित रायलाई खोज्नु रहेको बताइएको छ। पुलिस सूत्र अनुसार सुमित रायको मोबाइल फोनको अन्तिम टावर लोकेशन अभिषेक ब्यानर्जीको घरमा भेटिएको थियो जसको आधारमा शालबनी थाना पुलिसले यो कार्यवाही गरेको हो। जानकारी अनुसार एक वित्तीय अनियमितताको मामिलामा पुलिसले सुमित रायलाई खोजिरहेको छ। हालैमा भूमि भ्रष्टाचार मामिलामा पक्रा परेका पूर्व विधायक सुजय हाजरासित जाँचबुझ गर्दा सुमितको नाम अगाड़ि आएको थियो। त्यसपछि पुलिसले तकनिकी निगरानीको माध्यमबाट उसको मोबाइल फोनको लोकेशन जाँच गऱ्यो जसमा अन्तिम सङ्केत अभिषेक ब्यानर्जीको कालीघाटस्थित आवासमा देखाइयो। यसै सूचनाको आधारमा शालबनी थानाको एक टीम आज बिहान लगभग 3 बजे अभिषेकको पोटुआपाड़ास्थित आवासमा पुग्यो। लगभग 5 घण्टासम्म खोजी अभियान सञ्चालन गरिए पनि पुलिसले सुमित रायलाई भेट्न सकेन ।घटना बारे जानकारी पाएपछि पूर्व मुख्यमन्त्री ममता ब्यानर्जी पनि बिहान अभिषेकको आवासमा पुग्नुभयो तर उहाले मिडिया समक्ष कुनै पनि टिप्पणी गर्नुभएन ।उल्लेखनीय छ, अभिषेक ब्यानर्जीले अहिलेघरि धेरै वटा मामिलाहरूमा जाँचको सामना गरिरहेका छन्। विदानसभा हस्ताक्षर जालझेल मामिलामा हालैमा उनलाई सीआईडीले लामो समय सम्म सोधपुछ गरेको थियो। यस अतिरिक्त उनलाई 14 जूनमा फेरि सोधपुछको लागि बोलाएको छ।

**सिलगढ़ी महकुमा परिषद – आत्महत्या**

सिलगढ़ी महकुमाको फाँसीदेवाबाट आज तृणमूल कङ्ग्रेसका प्रभावशाली नेता तथा सिलगढ़ी महकुमा परिषदका कर्माध्यक्ष आइनुल हकले कथित रूपमा आफ्नै घरभित्र आत्महत्या गरेको खबर अघि आएको छ। यो घटना आज बिहान फाँसीदेवा क्षेत्रमा भएको हो जसले गर्दा सम्पूर्ण क्षेत्र शोकाकुल तथा स्तब्ध बनेको छ । आइनुल हक फाँसीदेवा क्षेत्रका एकजना चर्चित राजनीतिक अनुहार थिए। उहाले पहिला पनि बांशगाउँ ग्राम पञ्चायतका प्रधान तथा फाँसीदेवा पञ्चायत समितिका कर्माध्यक्षको रपमा आफ्नो जिम्मेवारी निर्वाह गरिसकेका थिए। वर्तमानमा उहा सिलगढ़ी महकुमा परिषदको महत्वपूर्ण पदमा कार्यरत हुनुहुन्थ्यो । प्राथमिक जानकारी अनुसार हालैमा उहालाई स्ट्रोक भए पछि उहा अस्वस्थ हुनुहुन्थ्यो । पुलिसको अनुमान अनुसार मानसिक तनाउको कारण उहाले यो कदम उठाएको हुनसक्छ। तथापि अन्य कुनै कारणलाई पनि अस्वीकार गरिएको छैन।मामिलाको जाँच चलिरहेको छ।घटनापछि पुलिस द्वारा शवलाई आफ्नो कब्जामा लिएर फाँसीदेवा अस्पतालमा पठाइदियो जहाँबाट पोस्टमर्टम गर्नको लागि उत्तर बङ्गाल मेडिकल कलेज एवं अस्पतालमा पठाइयो।स्मरण गराइन्छ, आइनुल हकको राजनीतिक यात्रा सीपीआई(एम) अनि कङ्ग्रेसबाट शुरू भएको थियो।

**दिलीप घोष**

पश्चिम बंगालका पंचायती राज तथा ग्रामीण विकासमंत्री दिलीप घोषले दार्जीलिङ पहाड़का मानिसहयलाई स्थानीय उत्पादहरूको किनबेच बढ़ाउने आवहाान गर्नुभयो। उहाँले आज खरसांग रेलवे स्टेशनमा ार्जीलिङ हिमाालयन रेलवेद्वारा आयोजित ध्रुमा फिल्म फेस्टिबलको दोस्रो दिन यहाँ टोय ट्रेनको डब्बामा फिल्म स्क्रिनिंग समारोहको उद्घाटन गर्दे भन्नुभयो- देशका प्रधानमंत्री नरेन्द्र मोदीले सदैव स्थनय उत्पादहरू प्रति मानिसहरूले चासो राख्ने आवहाान गर्नुहुन्छ। श्री मोदीको नारा नै रहेको छ भेकल फर लोकल अर्थात स्थानीय उत्पादहरू प्रति बढ़ी चासो । उहाँले भन्नुभयो दार्जीलिङ हिमालयन रेलवे द्वारा १५० भन्दा बढ़ी समय देखी संचालित टोय ट्रेन यहाँको लोकल तथा स्थानीय सम्पदा हो।

**राजु विष्ट दार्जीलिङ**

दार्जीलिङका लोकसभा सांसद रा्ु विष्टले कालेबुङमा प्रशासनका ाथ एक महत्वपूर्ण बैठक आज गर्नुभयो। बैठकमा वर्षाले गर्दा उत्पन्न प्राकृतिक आपदा तथा कालेबुङ शहरको स्वच्छता साथै पिउने पानी व्यवस्थापन गारे छलुल गर्नुभयो। उहाँले भन्नुभयो :-

यस बैठकमा स्थानीय विधायक भरत छेत्री, डी.एम, एसडीओ, एस.पी, एडीपीओ आदि उपस्थित थिए।

**जनकल्याण शिविर**

आम मानिसहरुसम्म सरकारी सेवाहरु सहज रुपमा पुर्याउने उद्देश्यले राज्य सरकारले एउटा नयाँ पहल शुरू गर्न गैरहेको छ । पहिलाको 'दुआरे सरकार' योजना जस्तै अब जनकल्याण शिविर आयोजित गरिनेछ । आगामी 15, 16 अनि 17 जूनमा राज्यको प्रत्येक खण्डमा यस विशेष शिविरको आयोजन गरिनेछ । नवान्न सूत्रहरु अनुसार, नयाँ सरकारको यो पहिलो ठुलो जनसंपर्क कार्यक्रम मानिंदैछ । तीन दिनसम्म चलने यस शिविरमा आम नागरिकहरुलाई एकै स्थानमा सरकारको बिभिन्न 55 वटा सेवाहरु अनि योजनाहरुसित सम्बन्धित जानकारी एवं सहायता उपलब्ध गराईनेछ । अन्नपूर्णा योजनालाई लिएर मानिसहरुमा विशेष उत्साह देखिंदैछ । धेरै आवेदकहरुले आवेदन पत्र भर्न , आवश्यक दस्तावेज जमा गर्न अनि योजनाको नियमहरु बुझ्न समस्याको सामना गर्न परिरहेको छ । यस्तै समस्याहरुको समाधान गर्न यस शिविरको आयोजन गरिँदैछ । सरकारी सूतरहरुको दावी अनुसार यस शिविरमा राज्य अनि केंद्र सरकारको विभिन्न जनकल्याणकारी योजनाहरुबारे जानकारी अनि सहायता प्रदान गरिनेछ । अन्नपूर्णा योजना, युवा शक्ति परियोजना, विधवा पेंशन, वृद्धावस्था पेंशन अनि पीएम किसान योजना जस्ता योजनाहरुमा नयाँ आवेदन अनि नामांकनको सुविधा पनि उपलब्ध रहनेछ । यस बाहेक आधार कार्ड, वोटर कार्ड अनि अन्य सरकारी दस्तावेजहरुमा भएको त्रुटि सुधारसित सम्बन्धित प्रक्रियामा पनि मानिसहरुलाई सहयोग पुर्याईनेछ । यदि कुनै सरकारी सेवासित सम्बन्धित कुनै समस्या भए वा आवेदन लामो समय देखि थाँतीमा रहेको' छ भने नागरिकहरुले शिविरमा सिधै शिकायत दर्ता गर्न सक्नेछन् ।प्रशासनको भनाइ छ कि जानकारीको कमी वा जटिल प्रक्रियाहरुको कारण कोही पनि पात्र व्यक्ति सरकारी लाभबाट बन्चित नरहुन, यसै उद्देश्यले यो कार्यक्रम शुरू गरिंदैछ । सबै जिल्लाहरुलाई यसको सफलताको लागि आवश्यक तैयारिहरु गर्ने निर्देश अघिबाटै जारी गरिसकिएको छ । उल्लेखनीय छ - राज्य सरकारले आफ्नो चुनावी वाचाहरु पुरा गर्न सरकारको योजनाहरु सिधै मानिसहरुसम्म पुर्याउने उद्देश्यले यो तीन दिवसीय बृहत जनसम्पर्क कार्यक्रमको आयोजन गरिरहेको छ ।

**गोर्खा जनमुक्ति मोर्चा- बिजयी जनसभा**

आज गोर्खा जनमुक्ति मोर्चा रेलिङ कैजले समष्टिको मुख्य आयोजनामा स्थानीय रेलिङ खेल मैदानमा बिजयी जनसभाको आयोजना गरियो | स्थानीय दिपक छेत्रीको अध्यक्षतामा सप्पन्न जनसभामा मोर्चा अध्यक्ष बिमल गुरुङ प्रमुख रूपमा उपस्थिति थिए भने उहाले जातीय उत्थान तथा क्षेत्रीय राजनीतिलाई बचाउदै पहाडको सर्वागिन बिकास गर्न आफुहरु सदैव कटिबद्ध रहेको जनाए। यसको साथै उहाले केन्द्र सरकारले गोर्खाहरुको हितमा संबैधानिक सुरक्षा सहितको व्यवस्थाको चाडै घोषणा गर्ने बताउनुभयो । कार्यक्रममा स्थानीय मानिसहरु सगै वरिपरिका विभिन्न समष्टिहरुबाट आएका समर्थकहरुको व्यापक उपस्थिति रहेको थियो ।

**पुलबजार विकास समन्वय समिति**

दार्जिलिङ पुलबजार खण्ड अधिनस्तका विभिन्न क्षेत्रहरुमा हुने विकासमुलक कामहरु पारदर्शी हुनुपर्ने मागसहित आज गोर्खा जनमुक्ति मोर्चाद्वारा गठित "दार्जीलिङ पुलबजार विकास समन्वय समितिका पदाधिकारी तथा सदस्यहरूले दार्जिलिङ पुलबजार विकास खण्ड बिकास अधिकारीसग सौहार्दपुर्ण भेटघाट गरि एक आधिकारिक ज्ञापन पत्र चढाएका छन्।भाजपा (BJP) गठबन्धनको साझेदारको रूपमा मोर्चाले यस क्षेत्रमा सञ्चालित विभिन्न सरकारी योजना, विकासमूलक कार्य र जनकल्याणकारी नीतिहरूको सठीक अनुगमन, पारदर्शी समन्वय र जनअपेक्षा अनुरूप कार्य अघि बढाउने उदेश्यले गठित समितिले ज्ञापन पत्रमार्फत जनता, स्थानीय प्रतिनिधि र प्रशासनबीच बलियो समन्वय स्थापित गर्दै स्थानीय आवश्यकता र जनगुनासोहरूलाई प्रशासनिक निकायसम्म पुऱ्याउने प्रतिबद्धता जनाएको छ। यसको साथमा खण्ड बिकास कार्यलय मार्फत हुनपर्ने कामहरूलाई बिभागको कठोर निग्रानी हुनुपर्ने माग समेत गरिएको छ्। खण्डबिकास कार्यलयबाट हुनसक्ने सहयोग गर्ने खण्ड बिकास अधिकारीले आश्वासन दिनुभएको समितिका पदाधिकारीहरुले बताएका छन् ।

**आयकर कर्मचारी महासंघ- सिलगढी**

आयकर कर्मचारी महासंघ, बंगाल सर्कलको प्लैटिनम जुब्लीको अवसरमा यस वर्ष महासंघले राज्यभरी विभिन्न कार्यक्रमहरुको आयोजना गरिरहेको छ । यसै अवसरमा आयकर कर्मचारी महासंघ, सिलगढी शाखाको तत्वावधानमा आज

सुकनादेखि रङटङ सम्म 6 किलोमिटरको पैदल यात्रा (वाकथन) कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा आयकर विभागका प्रधान आयकर आयुक्त श्री राजीव कुमार प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो , उहाले बिहान 8 बजे झण्डा देखाएर वाकथन कार्यक्रम आरम्भ भएको घोषणा गर्नुभयो ।कार्यक्रममा पूर्व आयकर आयुक्तद्वय श्री मिलन रूचाल अनि श्री अन्जु शेर्पा पनि विशिष्ट अतिथिका रुपमा प्रतिभागी रहेका थिए। यसका साथै पैदल यात्रामा आयकर विभाग, सिलगढी, जलपाईगडी , दार्जिलिङ अनि कालेबुङका 140 अधिकारी अनि कर्मचारीहरूले भाग लिएका थिए। पैदल यात्राको समापनमा प्रधान आयकर आयुक्तले हर्ष व्यक्त गर्दै यस प्रकारको कार्यक्रमहरूले कर्मचारी वर्गमा स्वास्थ्य प्रति सकारात्मक जागरूकता ल्याउन सहयोग हुने बताउनु भयो ।

**मन्त्री दिलिप घोष - ज्ञापन पत्र**

दार्जिलिङ पहाडको विभिन्न ग्राम पञ्चायतहरुमा एसटीपी, जीआरएस र भीएलई पदहरुमा कार्यरत् कर्मचारीहरुले आज खरसाङमा पश्चिम बंगालका पञ्चायत अनि ग्रामीण विकास मन्त्री दिलिप घोषलाई भेटेर ज्ञापन पत्र बुझाएका छन्। दार्जिलिङ पहाडमा अन्य सरकारी कर्मचारीहरु जस्तै ग्राम पञ्चायत कार्यालयहरुमा एसटीपी, जीआरएस र भीएलई जस्ता पदहरुमा कार्यरत् कर्मचारीहरुले भनेको जस्तो वेतन नपाएको र घर चलाउन पनि कठिन परेको भन्दै राज्यको पञ्चायत अनि ग्रामीण विकास मन्त्री दिलिप घोषलाई भेटेर विभिन्न समस्याको समाधान गरिदिने मागमा ज्ञापन पत्र बुझाएका छन्। विभिन्न ग्राम पञ्चायत कार्यालयहरुमा एसटीपी, जीआरएस र भीएलई पदहरुमा कार्यरत् कर्मचारीहरुको समस्या सुनेर पञ्चायत मन्त्री दिलिप घोषले समाधान गरिदिने आश्वासन दिनुभएको जानकारी प्राप्त भएको छ। यस विषयमा पछिबाट पत्रकारहरुलाई सम्बोधन गर्दै राज्य कर्मचारी कल्याण संघ दार्जिलिङ जिल्लाको संयोजक प्रभात गजमेरले विस्तृत रुपमा जानकारी गराएका छन्।

**'आपकी सरकार आपके साथ' पोर्टल**

राज्य सरकारले आम मानिसहरुको शिकायतहरु अनि सरकारी सेवाहरुसित सम्बन्धित समस्याहरुको समाधान गर्न 'आपकी सरकार आपके साथ' पोर्टल शुरू गरेको छ ।यस भन्दा पुर्व यसै नामले हेल्पलाइन सेवा शुरू गरिएको थियो । अब नागरिकहरुले ऑनलाइन माध्यम द्वारा पनि आफ्नो शिकायत सिधै मुख्यमंत्री कार्यालयसम्म पुर्याउन सक्नेछन् । मुख्यमंत्री कार्यालयको वेबसाइटमा उपलब्ध यस पोर्टलमा हेल्पडेस्क नंबर, ईमेल सुविधा अनि शिकायत दाता गर्ने विकल्प दिईएको छ । अन्नपूर्णा योजना, वृद्धावस्था पेंशन, विधवा पेंशन सहित विभिन्न सरकारी योजनाहरु अनि सेवाहरुसित संबंधित शिकायतहरु यहां दर्ता गराउन सकिनेछ । शिकायत दर्ता गराउनको लागि आवेदकहरुले सबैभन्दा पहिला आफ्नो मोबाइल नंबर दर्ता गराउनु पर्नेछ । त्येसपछि ओटीपी सत्यापन अनि कैप्चा प्रक्रिया पुरा गर्नु पर्नेछ । सत्यापन पछि शिकायत पंजीकरण पृष्ठ खोलिनेचा जहां नाम, ठेकाना , जिला, महकुमा , थाना, विधानसभा क्षेत्र अनि डाकघर सम्बन्धि जानकारी भर्नु पर्नेछ । यसको साथै आवेदकको आयु, ईमेल अनि वैकल्पिक संपर्क नंबर पनि दिनु पर्नेछ । नागरिकहरुले आफ्नो शिकायतसित संबंधित दस्तावेज पनि अपलोड गर्नसक्ने छन् । सबै जानकारी भरे पछि आवेदन जमा गर्न सकिनेछ ।

**********